हिमाली सुस्केरा

राष्ट्रिय साप्ताहिक

वर्ष : २४, अङ्क : १२, २०८२ मंसिर २१ गते आइतवार （7 Dec. 2025） मूल्य रु. २०।-



प्रधानमन्त्री सुशीला कार्कीले शनिबार प्रधानमन्त्री निवास बालुवाटर पुग्नुभएका राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनसहितका शीर्ष नेताहरुसँग भेट गर्नु भएको हो । भेटमा घोषित निर्वाचन लगायतका विषयमा छलफल थियो ।

निर्वाचन आयोगद्धारा दलहरु लाई २० बुँदे निर्देशन जारी

रासस

काठमाडौँ, मंसिर । निर्वाचन आयो गले आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि राजनीतिक दलहरुलाई विभिन्न २० बुँदे निर्देशन दिएको छ ।

आयोगले आगामी पुस ११ गते राष्ट्रियसभाको निर्वाचनको मिति तय गरेको छ । प्रतिनिधिसभा र रा ष्ट्रियसभाको निर्वाचनका लागि आव श्यक सहयोग गर्न आग्रह गर्दै आयोग ले निर्देशन दिएको छ ।

निर्वाचनमा समावेशी समानुपातिक प्रतिनिधित्व कायम गर्दै निर्वाचनमा सुशासन कायम गर्नका लागि राज नीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम आयोगमा दर्ता भएका राजनीतिक दललाई आवश्यक निर्देशन दिइएको आयोगका सहायक प्रवक्ता प्रकाश न्यौपानेले जानकारी दिनुभयो ।

निर्वाचन प्रणालीमा समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न निर्वाचनमा प्रत्येक दलले प्रत्यक्षतर्फ उम्मेदवारी दिँदा त्यसको एकतिहाई नघटने गरी महिला उम्मेदवारको प्रतिनिधित्व सुनिश्चित गर्ने एवम लैङ्गिक तथा समावेशी प्रतिनिधित्व सुनिश्चित हुने गरी उम्मेदवार मनो नयनको व्यवस्था गर्नुपर्नेछ ।

राजनीतिक दलले दिगो विकासको लक्ष्यलाई ध्यानमा राखी सन्

.... .पेज नं. ८ मा

एआई प्रयोगले फस्टाउदै पत्रकारिता

सुस्केरा समाचारदाता

लहान, मंसिर । एआईको प्रयोगले ने पाली पत्रकारिता फस्टाउँदै गएको धारणा पत्रकारबाटै व्यक्त भएको छ । एआईको प्रयोगले कम समयमा सिर्जनात्मक समाचार लेखनका लागि मद्दत पु-याएकाले यसको प्रयोगमा सचेत हुन आवश्यक रहेको प्रशिक्षण कार्यक्रममा प्रशिक्षकले नै बताएका हुन् ।

लहानमा आयोजित एकदिवसीय एआई प्रविधिसम्बन्धी तालिममा बोल्दै सहभा गीले समाचार सम्प्रेषणमा विधि र प्रविधि दुवै आवश्यक रहेको बताएका थिए । आमसञ्चार प्राधिकरण मधेश प्रदेशले आयोजना गरेको कार्यक्रमको प्रमुख अतिथि मधेश प्रदेशका पूर्व वन तथा पर्यावरणमन्त्री सञ्जयकुमार या दवले एआई प्रविधिको सचेत भएर प्रयो ग गर्दा पत्रकारितामा चमक र गमक दुवै ल्याउने भएकाले नक्कल मात्रै हो इन, अक्कल प्रयोग गरेर सिर्जनात्मक बनाउनुपर्ने सुझाव दिनुभयो । उहाँले

.... .पेज नं. ८ मा

शनिवार पनि पुगेन गणपुरक संख्या

सुस्केरा समाचारदाता

डोल्पा, मंसिर । डोल्पामा कार्यरत शिक्षकहरुले आफ्ना सानातिना आवश्यकताहरुलाई सहयोग पुगोस भनेर खोलेको शिक्षक हित, बचत तथा ऋण सहकारी संस्था लिमिटेड दुनै डोल्पाको साधारणसभा गणपुरक संख्या नपुगे पछि दोस्रो पटक पनि स्थगित भएको छ ।

शिक्षक पेशामा भएकाहरु मात्र सदस्य बन्न पाउने क्षेत्र रहेको शिक्षक हित बचत तथा ऋण सहकारी संस्था लिमिटेड दुनै, डोल्पाको दोस्रो साधारणसभा हिजो शनिवार दोस्रो पटक तोकिएको थियो ।

डोल्पा जिल्ला भित्र कार्यरत शिक्षकहरु सदस्य रहेको शिक्षक हित बचत तथा ऋण सहकारी संस्था लिमिटेड दुनै डो ल्पाका ५४ सदस्य रहेको जनाइएको छ । साधारणसभाको गणपुरक संख्या पुग्न ३५ जनाको उपस्थिति आवश्यक

.... .पेज नं. ८ मा

डोल्पो क्याम्पसमा सडक पुग्यो

सुस्केरा समाचारदाता

डोल्पा, मंसिर । तीन वर्ष अघिदेखि लगातार योजना छनोट भए पनि विभिन्न कारणले खुल्न नसकेको दुनै बजारबाट डोल्पो क्याम्पससम्मको मोटरबाटो खुलेको छ ।

७ वर्ष अघि ठुलीभेरी नगरपालिकाले काठेपुल देखि डोल्पो क्याम्पससम्म मोटरबाटो खोल्ने योजना सुरु भएको भए पनि त्यति बेला मोटरबाटो के कति कारणले बनेन, नागरिकहरुले पत्तै पाएनन् ।

त्यस पछि नेपाल सरकार र प्रदेश सरकार परारदेखि लगातार काठेपुल भनिने ठाउँबाट डोल्पो क्याम्पस हुँदै सशस्त्र प्रहरी गुल्मसम्म सडक खन्ने गरी योजना आए तर बनेनन् । यो वर्ष कर्णाली प्रदेश सरकारले ५० लाख बजेट विनियोजन गरेकोमा ठेक्का भई

.... .पेज नं. ८ मा

लैंगिक न्यास सम्बन्धी अन्तर्क्रिया

सुस्केरा समाचारदाता

डोल्पा, मंसिर । डोल्पाको सर्वक्षेय सहभा गितामा संविधान, नीति अन्तराष्ट्रिय सन्धि, सम्झौतामा भएका लैङ्गीक न्याय का सवालमा राष्ट्रिय महिला आयोगले अन्तर्क्रिय कार्यक्रम सम्पन्न गरेको छ । १६ दिने महिला हिंसा तथा लैङ्गिक हिंसा विरुद्धको अभियान चलि रहेको बेला सचे तनाका लागि पनि कार्यक्रम संचालन गरिएको जनाइएको छ ।

जिल्ला समन्वय समिति डोल्पाको सभा कक्षमा आयोजित अन्तर्क्रिया कार्यक्रममा राष्ट्रिय महिला आयोगका सचिव रेखा कंडेलले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो सचिव कंडेलले प्रस्तुतिमा निकै मिहिन रुपमा महिला हिंसा विरुद्ध संविधान मा भएका व्यवस्था, सरकारले गरेका विभिन्न कानुनी व्यवस्थाका, हाल तीनै तहका सरकारले गरिरहेका महिला हिंसा विरुद्धका प्रयासहरु, समुदायमा रहेका विभिन्न प्रकारका समस्याहरुका बारेमा चर्चा गर्दै महिला हिंसा अन्त गर्न परिरहे का कठिनाईहरुलाई सबै मिलेर सरलिकृत गर्न सकिने विषयमा सबैको साथ चाहिने बताउनु भएको थियो ।

प्रस्तुति करणमा महिला हिंसा तथा लैङ्गिग

.... .पेज नं. ८ मा

निर्वाचनका लागि प्रधानमन्त्रीको सर्वपक्षीय छलफल

सुस्केरा समाचारदाता

काठमाडौँ, मंसिर । प्रधानमन्त्री सुशीला कार्कीले निर्वाचनमा सहभागी हुन आह्वान गर्नुभएको छ । शुक्रबार बालुवाटारमा निर्वाचनसम्बन्धी बहुपक्षीय छलफललाई सम्बोधन गर्नुहुँदै प्रधानमन्त्री कार्कीले यस्तो आह्वान गर्नुभएको हो ।

“हाम्रो कुनै निजी स्वार्थ र आकांक्षा छैन । केही अतिरिक्त प्राप्तिका लागि हामी कुनै काम गरिरहेका छैनौँ । एउटा विषम परिस्थितिमा हाम्रो माग भयो, देशले पत्यायो, हामी आयौँ । दे शले सुम्पेको यो अभिभारा पूरा गने बाहेक अर्को कुनै उद्देश्य हामीसँग छै न’, सर्वपक्षीय छलफलमा प्रधानमन्त्री कार्कीले भन्नुभयो, तपाईंहरु चुनावका लागि एक ठाउँमा उभिदिनुहोस् ।’

प्रधानमन्त्री कार्कीले आजको भे ला निर्वाचनको वातावरण बनाउने सन्दर्भमा अहिलेसम्मकै महत्त्वपूर्ण र उपलब्धिमूलक भएको बताउनुभयो ।

बैठकमा अर्थमन्त्री रामेश्वर खनाल, गृहमन्त्री ओमप्रकाश अर्याल, कानुनमन्त्री अनिलकुमार सिन्हा र सञ्चारमन्त्री जगदीश खरेलसहित राजनीतिक दलका नेता र सुर क्षा निकायसँगै निर्वाचन आयोगका प्रतिनिधि सहभागी हुनुहुन्थ्यो ।

राजनीतिक दलहरूमा नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी नेपाल र जनमत पार्टीका नेता हरूको सहभागिता थियो ।

निर्वाचन आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीसहित तीनै जना आयुक्त, सचिव र सहसचिवसमे

.... .पेज नं. ८ मा

निर्वाचन आयोगद्धारा ....

२०३० सम्म संसदमा ४० प्रतिशत महिला प्रतिनिधित्व पुऱ्याउने नीति अख्तियार गर्ने विषयको प्रभावकारी कार्यान्वयनका लागि लैङ्गिक तथा समावेशी प्रतिनिधित्व सुनिश्चित हुने गरी उम्मेदवार मनोनयनको व्यवस्था गर्नुपर्नेछ ।

यस्तै, राजनीतिक दलले निर्वाचनसँग सम्बन्धित क्रियाकलाप सञ्चालन गर्दा नेपालको संविधानप्रति निष्ठावान रही विभिन्न जातजाति, सम्प्रदाय, लिङ्ग, धर्म, भाषा, क्षेत्र र संस्कृतिको सम्मान गर्दै आपसी सुसम्बन्धमा खलल पार्ने कुनै गतिविधि गर्न पाइनेछैन ।

मतदानस्थल, मतदान केन्द्र, मतगणनास्थललाई लैङ्गिक तथा अपाङ्गमैत्री बनाउन आवश्यक सहयोग गर्ने, राजनीतिक दलको घोषणा पत्र लगायतका दस्तावेजमा लैङ्गिक तथा समावेशीसम्बन्धी व्यवस्थालाई उचित सम्बोधन गर्नुपर्नेछ ।

महिला, दलित वा अल्पसङ्ख्यक समुदायका लागि आरक्षण गरिएका पद बाहेकका पदमा उम्मेदवार मनोनयन गर्दा कम्तिमा एक तिहाई महिला र नेपालको सामाजिक विविधता प्रतिविम्बित हुने गरी समानुपातिक समावेशी सिद्धान्तका आधारमा उम्मेदवार मनोनयन गर्नुपर्नेछ । राजनीतिक दलबाट सञ्चालन गरिने प्रशिक्षण, गोष्ठी, तालिम, सेमिनार, छलफल तथा अन्तरक्रिया आदि कार्यक्रममा महिला, समावेशी समूह तथा लक्षित वर्गको सहभागिता लाई सुनिश्चितता गर्नुपर्नेछ ।

निर्वाचन प्रचारप्रसार गर्दा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति एवम समावेशी समूह वा अन्य कुनै पनि उम्मेदवारलाई प्रत्यक्ष वा अप्रत्यक्ष धम्की दिने, व्यक्तिगत लाञ्छना लगाउने, गालीगलौज गर्ने, हतोत्साहित गर्ने, चरित्र हत्याका प्रयास गर्ने एवम कमजोरी देखाउने जस्ता विभेदजन्य कार्य नपाइने व्यवस्था गरिएको छ । ज्येष्ठ नागरिक, महिला, यौनिक तथा लैंगिक अल्पसङ्ख्यक तथा अपाङ्गता भएका व्यक्तिहरूको भावना, इज्जत, चरित्र एवम् प्रतिष्ठामा आँच आउन सक्ने, आत्मसम्मानमा चोट पुग्ने प्रकारले कुनै किसिमको प्रचारप्रसार गर्न पाइने छैन ।

राजनीतिक दलले सामाजिक सञ्जालमा प्रयोग गर्ने भाषामा महिला तथा समावेशी समूहका व्यक्तिको भावनामा नकारात्मक असर पर्ने गरी गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह नहुने कुराको सुनिश्चितता गर्नुपर्ने आयोगको निर्देशनमा उल्लेख छ ।

राजनीतिक दलले निर्वाचनको प्रचार प्रसार गर्दा निर्वाचनमा लैङ्गिक तथा समावेशीता, निर्वाचनको महत्व र मतदान गर्ने तरीकालगायतका विषय मा मतदातालाई सुसूचित गर्ने गरी आवश्यक व्यवस्था मिलाउनुपर्नेछ ।

राजनीतिक पदाधिकारी, सदस्य र कार्यकर्ताले पालना गर्नुपर्ने आचारसंहिता बनाई लागु गर्नुपर्ने र त्यस्तो आचारसंहिता सम्बन्धित दल, दलका पदाधिकारी, सदस्य र कार्यकर्ताले पालना गर्नुपर्नेछ ।

निर्वाचनका लागि .. ..

त गरी ७ जनाको प्रतिनिधिमण्डलको उपस्थिति थियो ।

बैठकमा गृहमन्त्री अर्यालसहित चारै सुरक्षा निकायका प्रमुखहरूले निर्वाचनका सन्दर्भमा सुरक्षाको अवस्था र तयारीका विषयमा स्पष्ट पार्नुभएको थियो ।

कार्यवाहक प्रमुख आयुक्त भण्डारीले आयोगले पूर्ण रूपमा निर्वाचन गराउन तयारीका साथ अघि बढिरहेको र यसबीचमा धेरै उल्लेखनीय सफलता प्राप्त गरिसकेको विवरण प्रस्तुत गर्नुभयो ।

लैंगिक न्याय ... .

क न्यायलाई कार्यान्वयन गर्न आइ पर्ने चुनौतिहरुका विषयमा व्यापक चर्चा गर्नु भएको थियो । साथै राष्ट्रिय महिला आयोगको मात्रै होइन महिला हिंसा र घरेलु हिंसा अन्त गर्नै पर्ने चुनौतिका बाबजुद आयोगले आगामी दिनमा सबैको सहयोगमा महिला हिंसा तथा लैंङ्गिक न्याय लाई सरल रुपमा कार्यान्वयनका लागि आगामी कार्ययोजना लगायतका विषय मा प्रस्तुतिकरण राख्नु भएको थियो ।

कार्यपत्र प्रस्तुति पछि अन्तर्क्रिया गरिएको थियो । अन्तर्क्रियामा उठेका प्रस्नहरुको राष्ट्रिय महिला आयोगका अध्यक्ष कमला कुमारी पराजुलीले उत्तर दिदै डोल्पा जिल्ला र यहाँका स्थानीय तहहरुले लैंङ्गिक न्यायका विभिन्न सवालहरुमा विभिन्न सचेतनामुलक कार्यक्रम संचालन गरेर समुदायलाई सचेत गराउनु पर्ने त्यसमा राजनीतिक दल, जनप्रतिनिधि र पदाधिकारीहरुले गहन भूमिका खेल्नु आवश्यक रहेको बताउनु भएको थियो ।

शनिवार पनि ....

पर्ने भए पनि उक्त गणपुरक संख्या नपुगेपछि साधारणसभा स्थगित भएको जनाइएको छ । साधारणसभा स्थगित पछि लगत्तै बसेको संचालक समिति को बैठकले आउने चैत महिनाको २८ गते साधारण सभा बोलाउने निर्णय गरिएको जनाइएको छ ।

राम्रो संचालन भैरहेको यस सहकारी संस्थालाई कोरोना महामारीले ठुलो समस्या पारेको थियो । कोरोना महामारीका कारण नियमित बचत संकलन स्थगित गरिएको थियो । त्यस पछि ब्याज पनि उठ्न छाडेको र यस साधारणसभाले सहकारी संस्थालाई बन्द गर्ने तथा सक्रिय सदस्यहरुले चलाई राख्ने भन्ने विषयमा पनि अत्यन्तै सुझबुझका साथ निर्णय गरेर अघि बढ्ने जनाइएको छ ।

डोल्पो क्याम्पसमा .. ....

निर्माण व्यवसायीले मोटरबाटोको ट्याकओपन गर्ने काम भैरहेको छ ।

मोटरबाटो खन्ने क्रममा बिहिवार डोल्पो क्याम्पसको कम्पाउण्डसम्म मोटर बाटो खनिएको छ । क्याम्पससम्म मोटरबाटो पुऱ्याउने पटक पटकको योजना खेर गए पनि यो पटक भने डोल्पो क्याम्पससम्म मोटरबाटो खन्ने काम सफल भएको छ । बिहिवार क्याम्पसको गेट पुगेर शुक्रवार गेट देखि पल्लो छेउसम्म मोटरबाटो खनिएको हो ।

गएका वर्षहरुमा डोल्पो क्याम्पससम्म मोटरबाटो खन्ने योजना छनोट भई बजेट समेत विनियोन भए पनि काम गर्ने ठेकेदारले आर्थिक वर्षको अन्तमा आएर बाटो खन्नका लागि जग्गा वालाहरुले बाली लगाइसकेका कारण बाटो दिन आनाकानी गर्ने गरेको र ठेकेदारले पनि काम पुरा गर्न अनिच्छा गर्ने गरेका कारण पनि मोटरबाटो बिचमा रोकिने गरेको थियो ।

कर्णाली प्रदेश सरकारले यो आर्थिक वर्षबाट कात्तिक मसान्तमा यो जनाहरुको सम्झौता गरिसक्नु पर्ने र त्यस पछि तत्काल निर्माण तथा ठेक्काका काम सुरु गर्नु पर्ने नीति तथा कार्यविधि ल्याएकाले मोटरबाटो खन्ने काम सुरु भएको हो ।

एआई प्रयोगले ... .

भन्नुभयो, "प्रविधिको प्रयोग र सामाजिक सञ्जालको उपयोगले सामाजिक विषयसमेत समावेश गरेर सकारात्मक पक्षलाई महत्व दिन आवश्यक छ ।"

स्मार्ट पत्रकारिताको विषय प्रवेश गरे काले एआई प्रयोग गरेर समाचार सम्प्रेषण गर्दा पटक पटक सम्पादन गर्ने विषयलाई बिर्सन नहुने प्रशिक्षक जीवन भण्डारीले बताउनुभयो । एआईको अधुरो र अपूरो ज्ञानले स्मार्ट पत्रकारिता गर्न नसक्ने भएकाले यसबारे पूर्ण ज्ञानका लागि प्रविधिसँग सम्बन्धित ज्ञान आवश्यक रहेको उहाँले बताउनुभयो ।

एआईको गलत प्रयोग र युट्युबर हरूले सम्प्रेषण गरिरहेको सूचनालाई विश्वसनीय समाचारको रूप दिन पत्रकारिता आचारसंहिता र आवश्यक मापदण्ड बनाउन लागिपरेको नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य भरत गर्घामगरले प्रस्ट्याउनुभयो ।

सिराहाको पत्रकारितालाई स्मार्ट बनाउन एआई प्रविधिसम्बन्धी तालिम लगत्तै युट्युबरहरूलाई पत्रकारिताको ज्ञान र सिप सिकाउन मधेश प्रदेश स्तरीय पत्रकारिता तालिम आयोजना गर्न आमसञ्चार प्राधिकरण मधेश प्रदेशसँग नेपाल पत्रकार महासङ्घ सिराहाका अध्यक्ष मनोज बनैताले प्रस्ताव राख्नुभयो । आमसञ्चार प्राधिकरण मधेश प्रदेशले स्रोतसाधनले भ्याएसम्म मधेश प्रदेशको पत्रकारितालाई स्मार्ट बनाउन प्राधिकरणका अध्यक्ष जितेन्द्र खड्गाले प्रतिबद्धता व्यक्त गर्नुभयो ।

महिला हिंसा अन्त्य गरौं ।

❖महिला हिंसा जहाँसुकै र जो सुकैबाट पनि हुन सक्छ, सचेत होऔं,
❖महिलामाथि शारीरिक, मानसिक, आर्थिक र सामाजिक रुपमा हिंसा हुन सक्छ,
❖कुनै प्रकारको हिंसा भएमा उजागर गर्ने हिम्मत गरौं,
❖हिंसामा परे तत्काल कानूनी सहायता लिऔं,
❖कानूनी सहायता र सहयोगका लागि महिला हेल्पलाइन (११४५) मा सम्पर्क गरौं,
❖घर-परिवार, विद्यालय, कार्यालय र समाजमा समान व्यवहार गरौं,
❖महिला अधिकार र सम्मानको संरक्षणमा सबै जिम्मेवार बनौं,
❖हिंसामुक्त घर तथा समाज निर्माणमा जिम्मेवार होऔं,
❖ महिला हिंसा विरुद्ध शून्य सहनशीलता अपनाऔं।

महिला हिंसा विरुद्धको १६ दिने अभियान सफल पारौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक/सम्पादक : विष्णुलाल बुढा
व्यवस्थापक : निराकुमारी बस्नेत
कानुनी सल्लाहकार : रामप्रसाद बुढा
सल्लाहकार : आङबहादुर लामा
लालिमान बुढा
सुरेन्द्र ढकाल
रविलाल खत्री
प्रमुख संवाददाता: वीरबहादुर बुढा
मुद्रक : हिमाली सुस्केरा अफसेट प्रेस
ठुलीभेरी नगारपालिका-३ दुनै, डोल्पा
Email : hsuskera@gmail.com
www.himalisuskera.com.np

सम्पादकीय

भय रहित निर्वाचन

चुनाव लोकतान्त्रिक पद्धतिको एक प्रमुख आधार हो । निर्वाचनमा सहभागि भएर नागरिकहरुबाट अनुमोदित भयो भने त्यो राजनीतिक दललाई स्वीकार्ने विधि खडा हुन्छ । हुन त अराजकता सिर्जना भैसकेको अवस्थामा नागरिकहरुको अभिमतले पनि दुख पाउने हो की भन्ने पनि कता कता प्रश्न उठि रहेको छ । किनकी अराजकताले नागरिकहरुको मताधिकारलाई भन्दा पनि आफ्नो समूहको उत्सृङ्खलतालाई बढि प्रतिनिधित्व गर्ने गरेको देखिन्छ । तै पनि जनताले आफ्नो अभिमतद्धारा यो ठिक भनेर मत जाहेर गर्न पाउने अधिकार निर्वाचनमा नै हो । तर निर्वाचनमा स्वतन्त्र, निर्भय र आफ्नो इच्छा अनुसार राजनीतिक दल र उम्मेदवारलाई मत प्रकट गर्न सक्ने वातावरण बन्छ बन्दैन भन्ने विषयले निर्वाचनको अर्थ राख्छ । त्यस कारण निर्वाचनबाट कुनै कोही राजनीतिक दल भाग्दैन तर निर्वाचनमा कस्तो वातावरण बन्छ भन्ने विषयले अर्थ राख्ने भएकाले सम्बन्धित निकायले यस विषयमा गम्भिर ध्यान दिनु पर्छ । राजनीतिक दलहरुले निर्वाचनमा सुरक्षाका विषयमा उठाएको विषयलाई हल्का लिनु हुदैन । निर्वाचनमा कसैको धाकधम्की बिना स्वतन्त्र, निष्पक्ष, भयरहित र ढुक्कले मतदान गर्न पाउने वातावरण नबन्ने हो भने निर्वाचन एक देखाउने दाँत मात्र हुने छ ।

त्यस कारण यति बेला जेनजी आन्दोलनको नाउमा नागरिकहरुलाई डरधाक र धम्की देखाएर नागरिकको स्वतन्त्र, निर्भय रुपमा मतदान गर्ने अधिकार हनन गरियो भने निर्वाचनको परिणाम फेरी पनि अहिले कै अवस्था कसैको पनि बहुमत नभएको अवस्था बन्ने छ । अतः निर्वाचन आयोग, वर्तमान सरकार, सुरक्षा निकायले यस विषयमा गहन रुपमा अध्ययन गरेर अहिले जेनजीको नाममा राष्ट्रवादी राजनीतिक दल, जनताले मन पराएको दल भए पनि जनताको मत भ्रमित भएर गलत राजनीतिक दल र नेताले चुनाव जितेर देशलाई गलत दिशातर्फ लान सक्ने खतरा बढ्न सक्छ । त्यस कारण निर्वाचन लोकतान्त्रिक र प्रजातान्त्रिक आधारशीला भए पनि निर्वाचनको वातावरणले विश्वास गर्न लायक नबन्न पनि सक्छ । सबैले स्वीकार्ने प्रकारको निर्वाचन परिणाम नआउन पनि सक्ने भएकाले कुत्सित नियत राखेर सरकारमा रहेका मन्त्रीहरु तथा सरकार पक्ष र आन्दोलन पक्षधर भनेर जेनजी पक्षधरले निर्वाचनलाई आफ्नो पोल्टामा पार्न खोज्ने गरी वातावरण भन्दा पनि नागरिकहरुले स्वतन्त्र रुपमा आफूले चाहेको दल र उम्मेदवारलाई मतदान गर्ने वातावरण बनाउनु आवश्यक छ ।

आर्को कुरा अधिनायकवादी र राम्राज्यवादीहरुले आफ्नो पहुच अनुसार निर्वाचनलाई हात्तिको देखाउने दाँत बनाउने र भित्र धाँदली गरेर, डरधाक देखाएर नागरिकहरुलाई धम्काएर मतपरिणाम आफ्नो पक्षमा पार्न भरपुर लागेको र यस प्रकारको निर्वाचनलाई निष्पक्ष भनेर व्याख्या गर्ने गरेको पाइन्छ । यसले विभिन्न शक्ति केन्द्रहरुले मतदाता तथा नागरिकहरुलाई भ्रमित बनाउन सक्ने अवस्था बन्न सक्छ । यसमा साँच्चै नेपाली र राष्ट्रवादी नागरिकहरु, नेता, सरकार, सरकारी कर्मचारी तथा राष्ट्रसेवकहरुले निर्वाचनको नाममा नेपालमा विदेशीले परेड खेल्ने वातावरण बन्न दिनु हुदैन । चेतना भया ।

जाँदाजाँदै

यश लामा
गोरखापत्रबाट

पहिरोले बगाउन नसकेको
एक पाखा हरियो बाँकी छ
तिम्रो रिफ्रेस टियर्सका लागि
आऊ आँखा जुधाएर घामको सामना गर
प्रिय बादल !
भागेर समस्याको समाधान हुँदैन ।
बाढीले लान नसकेको
एक बाली पसिना बाँकी छ
सिर्जना र उत्पादनका लागि
आऊ हिम्मत जुटाएर खडेरीसँग जुध
प्रिय जमिन !
आत्मसमर्पण मृत्यु सरह हो ।
बतासले उडाउन नसकेको
एक पुस्ता संस्कृति बाँकी छ
तिम्रो स्वपहिचानका लागि
आऊ सम्पत्ति ठानेर बचत गर
प्रिय शिला !
क्रसरमा मूर्च्छित हुनु पर्दैन आगतमा ।

कन्ट्याक्टरले भत्काउन नसकेको
एक माइल बाटो बाँकी छ
समतामूलक यात्राका लागि
आऊ अँध्यारो चिरेर यात्रा गर
प्रिय किरण !
विचारको उज्यालो निरन्तर जरुरी छ ।

कुनै पन्जा लडाईंले पछार्न नसकेको
एउटा देब्रे हात बाँकी छ
सचेत उठाइरहनका लागि
आऊ हाडजोर्नी र नसा परीक्षण गर
प्रिय चिकित्सक !
रोगमुक्त मुठी निर्विकल्प सपना हो ।

बाँकी छ
पुँजीले गिजोल्न नसकेको एउटा टाउको
पतित खुट्टासँग विद्रोह गरेर
खबरदारी गरिरहेको भऱ्याङको एउटा खुट्किलो
रिमोटको छालाले नछोएको एउटा बुढी औंलो
सत्ताको कारागार तोडेर आएको
एक झोक्का हावा बाँकी छ
आऊ लय मिलाउँदै फरफराइदेऊ
प्रिय ज्ञानध्वज !
यहाँ धमिराको जन्जिर तोड्नु छ ।

आऊ
आवाजलाई बोसोमुक्त बनाएर आऊ
प्रिय आशाकाजी !
हाम्रो घाँटीको स्पिकर सफा गर्नु छ
अक्षरको कलेजो पखाल्नु छ
व्यवहारको तालमेल मिलाउनु छ
अघि अघि बढ्नु छ
पछि पछि ध्यान पुऱ्याएर आऊ
बुल डोजरले भत्काउन नसकेको
एउटा छाती बाँकी छ
प्रिय जेनजी !
जे छ, त्यो जोगाउन आऊ
'दास' बाँचेर 'आस' पलायन हुनु हुँदैन ।

जाँदाजाँदै
क्यालेन्डरका अङ्कहरूले
यसरी नै गरिरहेको छ एउटा आग्रह
देशप्रेमीहरूसँग प्रत्येक दिन
आऊ युद्धविराम गरेर बसेको
एउटा गोली पनि बाँकी छ ।

खेलकुद

विराटनगर क्वालिफायरमा प्रवेश

सुस्केरा समाचारदाता

काठमाडौँ, मंसिर । राजधानीमा जारी दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल)मा आजको पहिलो खेलमा विराटनगर किंग्सले सुदूरपश्चिम रोयल्सलाई छ विकेटले पराजित गरेको छ । जितका लागि पाएको १४८ रनको लक्ष्य विराटनगरले ११ दशमलव पाँच ओभरमा चार विकेट गुमाएर भेट्टायो । जसमा साम हिजलेट र फाफ डु प्लेसिसले अर्धशतकीय पारी खेले । साम ५१ र फाफ ५० रनमा आउट भए । सुदूरपश्चिमका अविनाश बोहराले दुई र हर्मित सिंहले एक विकेट हात पारे । यसअघि त्रिभुवन विश्वविद्यालय अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला कीर्तिपुरमा टस हारेर पहिला ब्याटिङ गरेको सुदूरपश्चिमले निर्धारित २० ओभरमा पाँच विकेटको क्षतिमा १४७ रन बनायो । जसमा आरिफ शेखले सर्वाधिक अविजित ४५ र इशान पाण्डेले ३८ रन जोडे ।

विराटनगरका कप्तान सन्दीप लामिछानेले तीन र प्रतिश जिसीले दुई विकेट हात पारे । आजको जितले विराटनगरले पहिलो क्वालिफायरमा सुदूरपश्चिमसँगको भेट पक्का गरेको छ । सुदूरपश्चिम यसअघि नै क्वालिफायर पुगिसकेको थियो । इलिमिलेटरमा काठमाडौँ र लुम्बिनी खेल्ने छन् । आजैको नेपाल प्रिमियर लिग (एनपिएल)मा पोखरा एभेन्जर्सले चितवन राइनोज माथि आठ विकेटको सहज जित निकालेको छ । त्रिवि क्रिकेट मैदानमा शनिबार साँझ भएको लिग चरणको आफ्नो अन्तिम खेलमा जितका लागि

कार्यदक्षता हासिल गर्न शिक्षा

- प्राडा शोभाखर कँडेल

नेपालमा विद्यालयदेखि उच्च शिक्षासम्म सिकाइमा सुधार गरी दक्ष जनशक्ति उत्पादन गर्न धेरै प्रयास भएका छन् । शिक्षण संस्थाका लागि भवन, पुस्तकालय तथा प्रयोगशाला जस्ता भौतिक अवस्थामा ध्यान दिनुका अतिरिक्त समय अनुसार पाठ्यक्रम निर्माण, प्रबोधीकरण, तालिम, पुनर्ताजगी तालिम, शिक्षण सामग्री निर्माण र शिक्षण विधिका बारेमा धेरै लगानी भएको छ । शैक्षिक जनशक्ति पनि पर्याप्त मात्रामा व्यवस्थापन गरिएको छ । न्यून जनशक्तिले भने सम्पूर्ण तह पार गरेको देखिन्छ । तह पार गरेका जनशक्तिमा गुणस्तरको अभाव देखिन्छ । उत्पादित जनशक्ति(मध्ये धेरै कमले मात्र रोजगारी प्राप्त गरेको वा स्वरोजगारी सिर्जना गरेको पाइन्छ । धेरै कम मात्र जनशक्ति उत्पादन हुनु, उत्पादित जनशक्तिले पनि रोजगारी पाउन मुस्किल हुनुमा कक्षाकोठामा पूर्ण सिकाइ नहुनु नै हो । पूर्ण सिकाइका लागि कक्षाकोठामा विद्यार्थीले ज्ञान, सिप, अभिवृद्धि र कार्यदक्षता प्राप्त गर्नु पर्छ ।

ज्ञान भन्नाले दिमागले प्राप्त गरेको सूचना हो । तथ्य, सिद्धान्त, नियम, विषयवस्तुको अवधारणा मासपटलमा बस्नु नै ज्ञान हो । यस प्रकारको ज्ञान दिमागमा बस्छ र केही समयपश्चात् विस्मृति पनि हुन सक्छ । ज्ञानलाई व्यवहारमा उतार्नु सिप हो । समस्या समाधान गर्ने, हात खुट्टाले चलाउने, बनाउने, खेलाउने, तालिका बनाउने, प्राप्त ज्ञानलाई दिगो बनाउन आफ्नै तरिकाले व्यक्त गर्ने जस्ता कुरालाई सिप भन्ने गरिन्छ । कम्प्युटर चला(उने, भलिबल खेल्ने, नक्सा बनाउने, सञ्चार गर्न सक्ने आदि सिपका उदाहरण हुन् ।

सकारात्मक सोच, दृष्टिकोण, परिवार, समाज, राष्ट्र अनि विश्वमा आफूलाई समायोजित गर्न सक्ने, बाबु, आमा, इष्टमित्र तथा ठुलाबडालाई सम्मान गर्ने, मधुर वचन, लोभ मोह ज्यादै कम भएको व्यक्ति बन्ने कुरा अभिवृत्तिभित्र पर्छ । आफ्नो समाज तथा समग्र देशको सभ्यता, संस्कृति, संस्कारलाई माया गर्ने अपनाउने, बाह्य लवाइ खवाइलाई तिरस्कार हो इन सम्मान गर्ने आफ्नोलाई सगौरव अपनाउने सच्चा देशभक्त नागरिक बन्ने र परिवार, समाज, राष्ट्रको हितमा लाग्ने असल नागरिक बन्नु नै व्यावहारिक प्रवृत्ति वा अभिवृत्तिगत विषय हो । ज्ञान, सिप र अभिवृत्तिलाई व्यवहारमा उतार्ने अवस्था कार्यदक्षता वा योग्यता हो । ज्ञान, सिप, अभिवृत्ति मिसिएर प्राप्त हुने समग्र क्षमता नै कार्यदक्षता वा योग्यता हो । प्राप्त ज्ञान, सिप, अभिवृत्तिलाई प्रदर्शन गर्न सक्ने क्षमता, प्रत्यक्ष रूपले अरूलाई देखाउन, बुझाउन सक्ने क्षमता कार्यदक्षता हो । कम्तीमा पनि विद्यालय शिक्षा पूरा गरेको जनशक्ति आआफ्नो विधाको बजारमा जान सकोस् । आवश्यक परेको अवस्थामा मात्र उच्च शिक्षा लिन सक्ने स्थिति बनोस् ।

यी चार पक्षलाई विकास गर्न निरन्तर सिकाइको आवश्यकता पर्छ । स्वःअनुभव, प्रशिक्षणबाट प्राप्त गर्न सकिन्छ । ज्ञान बढाउनका लागि स्रोतसामग्रीको पहुँच गर्न सक्नु पर्छ । पुस्तकालयमा पर्याप्त पुस्तक तथा विषेश गरी विद्युतीय (डिजिटल) सामग्री, उपलब्ध अर्थात् पहुच हुनु पर्छ । एउटै विषयलाई विभिन्न कोणबाट बुझ्ने, समस्याको समाधान स्वयम्ले गर्न सक्ने बनाउनु पर्छ । सिप पक्षको विकास गर्न व्यावहारिक अभ्यास, सहकार्यमा आधारित क्रिया कलाप, सहपाठी बिच ..... (गोपवाट)

संस्कृति, कला, बाल संशार



डोल्पो क्याम्पस दुनैमा सडक पुग्यो । सडक खन्दै स्काभेटर ।

पेस्तोल सहित भारतीय पक्राउ

सुस्केरा समाचारदाता

बर्दीबास, मंसिर । सशस्त्र प्रहरीले महोत्तरीको एकडारा गाउँपालिका -४ हलखोरी चोकबाट कटुवा पेस्तोलसहित एक जना भारतीय नागरिक कलाई पक्राउ गरेको छ ।

बर्दीबासस्थित सशस्त्र प्रहरी बल नेपाल नम्बर २ छिन्नमस्ता वाहिनीका सशस्त्र नायव महानिरीक्षक (डिआइजी) कृष्ण ढकालका अनुसार सशस्त्रले गरेको नियमित चेकजाँचको क्रममा भारतको बिहार, सीतामढी-पटदौरा ग्राम पञ्चायत सिराहीपट्टीका २६ वर्षीय सरोजकुमार कुर्मीलाई पक्राउ गरेको हो ।

हलखोरीस्थित सशस्त्रको बोर्डर आउट पोष्टका सशस्त्र प्रहरी निरीक्षक सुनिलकुमार दासको कमाण्डमा रहेको गस्तीले नेपाल-भारत सीमाक्षेत्रस्थित मरुवाहीबाट हलखोरीतर्फ आउँदैगरेको दासलाई अवैध हतियारसहित शनिवार नियन्त्रणमा लिएको थियो ।

कुर्मी सवार रहेको बीआर ०६ एवाई ६१७२ नम्बरको मोटरसाइकल रोकेर तलाशी गर्दा मोटरसाइकलको सिटमुनि लुकाइराखिएको एक थान कटुवा पेस्तोल र त्यसमा लाग्ने एक थान गोली बरामद भएको ढकालले बताउनुभयो ।

पक्राउ परेका भारतीय नागरिक कुर्मीलाई थप अनुसन्धान एवं आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय महोत्तरी बुझाइएको सशस्त्र प्रहरीले जनाएको छ ।

हतियार वाहिर भएकैले होला यता दाङको लमही बजारमा शनिबार अपराह्न गोली चलेको छ । मोटरसाइकलमा आएका युवकले लमही नगरपालिका-५ स्थित लमही गल्लीमा हरेको जुनतारा सुनचाँदी पसलमा गोली चलाएका हुन् ।

गोली लागेर एक जना घाइते भएको जिल्ला प्रहरी कार्यालय, दाङमा प्रहरी निरीक्षक बाबुराम बस्नेतले बताए ।

सामान्य ज्ञान १२

१. विश्व दृष्टि दिवश कहिले मनाइन्छ ?

☐ अक्टोबर महिनाको दोस्रो बिहीबार

- सन् २०२५ को नारा : 'आँखालाई माया गरौँ' ।

२. सेन्ट्रल एसियन भलिबल सङ्घ (काभा) यु-१९ महिला भलिबल च्याम्पियनसिपको उपाधि कसले जित्यो ?

☐ किर्गिस्तान

- उपविजेता : नेपाल

- आयोजना : श्रीलङ्का

- मिति : सन् २०२५ नोभेम्बर ४-९

३. नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र), नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) सहित १० वामपन्थी पार्टीबिच एकताको घोषणा कहिले गरिएको हो ?

☐ विसं २०८२ कात्तिक १९

- काठमाडौँको भृकुटीमण्डपमा कात्तिक १९ गते नौबुँदे प्रस्ताव पारित गर्दै एकता घोषणा गरिएको ।

- पार्टीको नाम : नेपाली कम्युनिस्ट पार्टी

- संयोजक : पुष्पकमल दाहाल 'प्रचण्ड' (पूर्वमाओवादी केन्द्रका अध्यक्ष)

- सहसंयोजक : माधवकुमार नेपाल (पूर्वएकीकृत समाजवादीका अध्यक्ष)

- चुनाव चिह्न : पाँचकुने तारा

सुशासनका लागि संसद्

- कृष्णा पौडेल

..... समाधान दिन्छ । जनताको आवाजलाई संसद्ले संस्थागत गर्छ । त्यसैले योग्य र इमान्दार प्रतिनिधिलाई निर्वाचनमार्फत संसद्मा पुऱ्याउनु नै सुशासनका लागि आन्दोलनको आवाजलाई कानुनी र संस्थागत शक्ति प्रदान गर्नु हो । यसअघिका राजनीतिक आन्दोलनका माग पनि संसदीय प्रक्रियामार्फत नै संस्थागत भएका हुन् ।

संसद्को अनुपस्थितिमा, गैरदलीय सरकार पूर्णरूपमा स्वविवेकी र नियन्त्रण मुक्त बन्छ । वर्तमान सरकार नै एउटा उदाहरणका रूपमा लिन सकिन्छ । सरकारका कतिपय निर्णय विवादास्पद छन् । चुनावी सरकारको आयु लम्बिँदै जाने हो भने उसका निर्णयहरू एकलौटी र जनभावनाविपरीत हुन्छन् । विगतमा संसद् र सांसद दुवैले आफ्नो जिम्मेवारी पूरा गर्न सकेनन् । अहिले प्रतिनिधिसभा मात्रै विघटन भएको हो, राष्ट्रिय सभा छँदै छ । तर, राष्ट्रिय सभाप्रति सिद्धान्ततः सरकार उत्तरदायी हुनैपर्छ भन्ने छैन । नेपालको संविधानअनुसार, प्रतिनिधिसभासँग मात्रै सरकारका काम, नीति र खर्चको गहन अनुगमन गर्ने वैधानिक शक्ति र संरचना हुन्छ । त्यसैले अहिले संसद् नहुँदा यस्ता महत्त्वपूर्ण अनुगमन संयन्त्र निष्क्रिय छन्, जसले वित्तीय सुशासनलाई खतरामा पारेको छ ।

जेन-जी आन्दोलनले माग गरेको प्रणालीगत सुधार हो । यसको मुख्य आधार सुशासनमैत्री कानुन हो । संविधानअनुसार अझै कतिपय कानुन बनेका छैनन् । कति कानुन संशोधन आवश्यक छ । कानुन संसद्ले बनाउने हो । प्रतिनिधिसभा नहुँदा कानुन बन्न सक्दैन । यसले अन्ततः सुशासनमा बाधा पुऱ्याउँछ । सरकारले आवश्यक ताको सिद्धान्तअनुसार अध्यादेश ल्याउन सक्छ । यस्ता अध्यादेश अस्थायी उपाय हुन्, तर यीनको दुरुपयोग हुँदा कानुनी अराजकता सिर्जना हुन्छ । विगतमा संसद्लाई छलेर राजनीतिक स्वार्थमा अध्यादेश ल्याउने काम कैयौं पटक भए । जेन-जी आन्दोलनको पृष्ठभूमिमा गठन भएको वर्तमान सरकारले पनि संविधानको मर्ममाथि नै प्रहार हुने गरी 'संवैधानिक परिषद्सम्बन्धी ऐन संशोधन गर्ने अध्यादेश' ल्याउने तयारी गरेको छ । अध्यादेशमा राखिएका प्रावधान संवैधानिक व्यवस्थाविपरीत छन् । संसद् नहुँदा सरकार निरंकुश बन्ने र संविधान उल्लंघन हुने जोखिम बढ्छ । यसले अन्ततः सुशासन कमजोर बनाउँछ ।

लोकतान्त्रिक प्रणालीमा कार्यपालिका र न्यायपालिकामाथि शक्ति सन्तुलन र नियन्त्रण कायम गर्ने अंग भनेकै संसद् हो । त्यसैले विवादास्पद निर्णय भए पनि सरकारलाई वैधानिक प्रश्न गर्ने संयन्त्रको अहिले अभाव छ ।

संविधान कार्यान्वयनका सन्दर्भमा जेन-जी आन्दोलनको अवधारणागत पक्ष अभाव देखिन्छ । संविधानको प्रस्तावनामै 'समाजवादको आधार निर्माण गर्न प्रतिबद्ध' भन्ने लेखिएको छ । जेन-जीले यो देशमा समाजवादउन्मुख अर्थतन्त्र, शासन प्रणाली खोजेको हो ? समाजवादतर्फको यात्रा भन्ने हो भने अहिले संविधानले प्रदत्त गरेका कतिपय मौलिक हक संकुचित हुन्छन् । त्यसमा जेन-जीको अन्तिम अडान के हो ? राज्यका नीति निर्देशक सिद्धान्त संविधानका लागि मार्गदर्शक सिद्धान्त हुन् । ती नीतिहरूमाथि पुनरावलोकन गर्ने/नगर्ने विषयमा समेत स्पष्ट छैन । त्यसैगरी संविधानको भाग २७ मा आयोगहरूको व्यवस्था छ । वर्गीय संरक्षण गर्ने काम मात्रै भयो भनेर आलोचना भइरहँदा तिनको आवश्यकता छ अथवा फरक ढंगले रूपान्तरण गरिनुपर्छ ? त्यसैगरी, शक्ति पृथकीकरण, मौलिक हकको कार्यान्वयन, अधिकारको बाँडफाँट र तीन तहका सरकारप्रतिको धारणा के हो ? यी मूलभूत अवधारणामा जेन-जीको स्पष्ट मार्गचित्र नआएसम्म संविधान कार्यान्वयनमा सधैं बाधा भइरहन्छ । यी सबैको समूल समाधान भनेको संविधान संशोधन हो । संविधान संशोधन प्रतिनिधिसभा बाहिरबाट गर्न सकिँदैन किनकि नेपालको संविधान नै जनप्रतिनिधिमार्फत शासन गर्ने सिद्धान्तमा आधारित छ ।

परम्परागत रूपमा कार्यपालिकाले जनतालाई सेवा प्रवाह गर्नुमात्रै सुशासन होइन । अहिलेको बुझाइअनुसार सुशासन खोजिनुपर्छ । कानुन निर्माणमा समेत सुशासनको अवधारणा प्रेरित भयो कि भएन भन्ने हेरिनुपर्छ । मुट्ठीभर वर्ग, क्षेत्र र समुदायको पक्ष र पहुँचमा रहेको कानुन निर्माण प्रक्रियामा भौगोलिक विकटता, पछाडि पारिएका, अशक्त तथा कमजोर वर्गका सवाललाई सम्बोधन गरियो ? सुशासन प्रवाह गर्ने संयन्त्रहरूको पनि परीक्षण गरिनुपर्छ । संसद् भित्रको सुशासन निगरानी गर्न कस्ता औजार प्रयोग गरियो ? संसद्भित्रको सुशासन कस्तो रह्यो ? दलीय पक्षधरताबिना संसद्ले कार्यसम्पादन गर्न सक्यो ? सतही र कुनै घटना विशेषलाई लिएर भ्रष्टाचार अन्त्य र सुशासनको मात्रै कुरा गर्ने हो भने मूल जरोमा पुग्न सकिँदैन । त्यसैले जेन-जीले सुशासन प्रवाह गर्ने संयन्त्रको सुशासन खोज्नुपर्छ ।

संसद्मा सत्तापक्षका सांसदले मन्त्रीहरूलाई किन प्रश्न गर्दैनन् ? किन सधैं सरकारका कामको प्रतिरक्षामा उभिन्छन् ? जननिर्वाचित प्रतिनिधि भएर पनि सांसदहरू जनता भन्दा दलहरूप्रति उत्तरदायी किन भए ? किन राजनीतिक दलहरू जनताप्रति उत्तरदायी हुन सकेनन् ? देशको राजनीति नै जनताप्रति उत्तरदायी नहुँदाको परिणाम केही व्यक्तिले मात्रै देश चलाउने गोलचक्कर बनेको अवस्था बुझ्न जरुरी छ । देशको सुशासन परीक्षण गर्ने संसद्भित्रको सुशासनको नयाँ परिभाषाका लागि पनि जेन-जीले सरकारका निर्णय र सुशासन संयन्त्रको कार्यसम्पादनमाथि निर्ममतापूर्वक समीक्षा गर्नुपर्छ । हरेक निर्देशनको अनिवार्य पालना गराउने व्यवस्था जबसम्म संसद्मा गरिन्न तबसम्म सुशासन कोरा कल्पना मात्रै हुन्छ । र, संसद्ले सरकारको सुशासनको परीक्षण गर्छ । सरकार लाई संसद्प्रति उत्तरदायी बनाउनुपर्ने कानुनी व्यवस्था छ ।

जेन-जी समूहले थाहा पाउनुपर्छ- राज्यमा शक्तिको बाँडफाँट कसरी हुन्छ ? शक्ति सन्तुलन कसरी गरिनुपर्छ ? संसद्बाट जनताका अधिकार कसरी प्रयोग हुन्छन् ? सुशासन कुनै आन्दोलनले मात्रै ल्याउने परिणाम हो इन, संरचनाले जन्माउने संस्कार हो । निर्वाचनलाई अस्वीकार गर्नु भनेको माग पूरा गर्ने वैधानिक माध्यमलाई नै अस्वीकार गर्नु हो । त्यो संरचनाको सबैभन्दा महत्त्वपूर्ण आधारशिला अथवा जग नै संसद् हो ।

संसद् केवल विधायिकाको भवन हो इन, जनमतको संस्थागत घर, सत्ता नियन्त्रणको औजार र दीर्घकालीन सुशासनको आधार हो । सामान्यतया गैरदलीय सरकार संक्रमणकालीन अवस्थाका लागि उपयुक्त मानिन्छ, तर दिगो सुशासन, दीर्घकालीन नीति, वैधानिकता र नागरिक प्रतिनिधित्वका लागि संसद् अपरिहार्य छ ।

निर्वाचन र संसद् स्थापना अब केवल राजनीतिक प्रक्रिया होइन, जेन-जी आन्दोलनले उठाएका सवाललाई दिगो बनाउने संस्थागत मार्ग हो । सुशासनको स्थायी प्रत्याभूतिका लागि जेन-जी समूहले निर्वाचनलाई 'सुशासनको एजेन्डासहित योग्य प्रतिनिधि चुन्ने' अवसरका रूपमा लिनुपर्छ । साभारः ईकान्तिपुर

भूकम्पबाट हुने क्षतिप्रति सचेत रहौं

भूकम्पले

- घर, पुल तथा अन्य संरचना भत्कना सक्दछ ।
- विधुत तथा टेलिफोन सेवा अवरोध हुन सक्छ ।
- बाढि पहिरो तथा आगलागिको जोखिम भई धनजनको क्षति हुन सक्दछ ।

त्यसैले

- घर, पुल तथा अन्य संरचना बनाउदा भूकम्प प्रतिरोधि बनाऔं ।
- घर वरिपरि तथा सार्वजनिक स्थललाई खुल्ला राखौं ।
- भूकम्प गएमा खुल्ला र सुरक्षित स्थानमा जाऔं ।

छार्का ताङसोङ गाउँपालिका, डोल्पा

छोरा छोरी सबैलाई,
समान रुपमा विद्यालय पठाऔं ।

हिउँ पहिरोबाट सचेत होऔं ।

बाढी र हिउँ पहिरो आउनुअघि :

- स्थानीय रेडियो वा अन्य माध्यमबाट मौसमको जानकारी लिऔं,
- खोला, नदी तथा जोखिमपूर्ण ठाउँबाट सुरक्षित स्थानमा जाऔं,
- घरको नजिक पहिरो खस्न सक्ने ठाउँ भए सावधानी अपनाऔं,
- आपतकालीन झोला तयार गरौं,
- जोखिममा परेका बालबालिका, वृद्धवृद्धा र अपांगता भएका व्यक्तिहरुलाई प्राथमिकता दिऔं,

बाढि र हिउँ पहिरो आएमा :

- अनावश्यक हिडडुल नगरौं,
- सुरक्षित स्थानतर्फ जाऔं,
- विजुलीका लाइन वा पोलहरुबाट टाढा रहौं,
- खोलानाला सुरक्षित तबरले पार गरौं,
- अफवाह नफैलाऔं, सत्य सूचना मात्र आदान-प्रदान गरौं,
- घाइते वा फसेका व्यक्तिको उद्धारमा सहयोग गरौं ।

शे फोक्सुण्डो गाउँपालिका, डोल्पा

युवा पुँजी पलायन र विकास

- डा.लोकनाथ भुसाल

एक्काइसौँ शताब्दीको डिजिटल पुस्ताको विद्यार्थी २० औँ शताब्दीको शिक्षक र पाठ्यक्रम तथा १९ औँ शताब्दीको विधिमा आधारित खण्डहर कक्षा कोठाबिचको तालमेल नमिलेर नै युवा पुस्ता देशको लगानीयोग्य र कमसहित तीव्र रूपमा पलायन भइरहेको छ ।

युवाको क्षमता विकास नै देश विकासको आधार हो । शिक्षा, सिप र सदाचारले युवालाई युक्त बनाउनुलाई उनीहरूको क्षमता विकासको रूपमा लिन सकिन्छ । यसरी नै देशलाई आवश्यक पर्ने जनशक्ति निर्माण गरेको पाइन्छ । यसलाई मानव पुँजी निर्माण पनि भनिन्छ । उच्च शिक्षा हासिल गरी मुलुकको मानव संसाधन विकासलाई टेवा प्रदान गरी मुलुकको विकासमा योगदान गर्न नेपालबाट विगतदेखि नै अध्ययन अनुमति लिएर विदेशी शैक्षिक संस्थामा अध्ययन गर्न जाने गरेको पाइन्छ । यसरी विदेशमा अध्ययन गर्न जाँदा मुलुकको जन(शक्तिको आवश्यकतालाई आकलन गरेर नेपाल सरकार आफैँले वा विदेशी सरकारले देशमा आवश्यक पर्ने जन(शक्तिको उत्पादन हुने गरी छात्रवृत्ति प्रदान गरिने प्रचलन रहेको थियो ।

यसका लागि नीतिगत मार्गदर्शन पनि प्राप्त थियो । वैदेशिक अध्ययनको कानुनी आधार छात्रवृत्तिसम्बन्धी ऐन, २०२१ र छात्रवृत्तिसम्बन्धी नियमावली, २०६० रहेको छ । यसलाई थप व्यवस्थित र सहज बनाउन र निजी खर्चमा विदेशमा पढ्न जाने क्रम बढेकाले त्यसलाई व्यवस्थित गर्न 'विदेशी शिक्षण संस्थामा उच्च शिक्षा अध्ययन गर्न जाने नेपाली नागरिकले लिनुपर्ने पूर्वस्वीकृतिपत्र (नो अब्जेक्सन लेटर) लिने कार्यलाई सहज, सरल, तथ्यपरक, व्यवस्थित, प्रविधिमैत्री तथा प्रभावकारी बनाउन र विदेशी मुद्रा सटही सिफारिससम्बन्धी कार्यलाई व्यवस्थित गर्न वाञ्छनीय भएको' उल्लेख गरी सरकारले वैदेशिक अध्ययन स्वीकृतिसम्बन्धी निर्देशिका, २०७९ नै जारी गरेको छ । यही कार्यका लागि अनलाइन एप्लिकेसन प्रणाली पनि निर्माण गरिएको छ । यसमार्फत दैनिक एक हजारभन्दा बढी नेपाली विद्यार्थीले अध्ययन अनुमतिका लागि आवदेन गर्ने गरेका छन् ।

माथिको तालिकाबाट पछिल्लो केही वर्ष यसरी विदेश जाने विद्यार्थीको सङ्ख्या अनपेक्षित रूपले बढदै गएको देखिन्छ । विगत १२ वर्षमा अध्ययन अनुमति लिनेको सङ्ख्या छ लाख ५० हजारभन्दा बढी रहेको छ । यो सङ्ख्या प्रत्येक वर्ष सो अवधिमा सरदर छ प्रतिशतले बढेको देखिन्छ । कोभिड-१९ अवधिलाई गणना नगर्दा भने यस्तो वृद्धिदर करिब २० प्रतिशत हुन आउँछ । पछिल्ला केही वर्षमा कोभिड-१९ अवधिको सङ्ख्यालाई आधार मान्दा ७१ प्रतिशतसम्मले बढेको छ । यसरी अध्ययन गर्न गएका युवामध्ये देशमा फर्किएको जनशक्तिको यकिन विवरण भने उपलब्ध हुन सकेन ।

एकातिर यसरी अध्ययन गर्न जाँदा बर्सेनि अर्बौं रुपियाँ बिदेसिने गरेको र मुलुकभित्र स्थापित कलेजमा विद्यार्थीको सङ्ख्या घट्दै गएको छ भने अर्कोतिर यसरी विदेश जाने विद्यार्थीको उतै बसोबास गर्ने दीर्घकालीन सोच रहने भएकाले भविष्यमा मुलुकका लागि आवश्यक दक्ष जनशक्तिको कमी हुने देखिन्छ । विद्यार्थीको सङ्ख्या स्वाट्टै घटेकाले कतिपय कलेज गाभ्नु परेकाले त्यसमा कार्यरत शिक्षक कर्मचारीको रोजगारी खोसिएको अवस्था पनि छ । मुलुकको मानव संसाधनको विकास तथा व्यवस्थापनमा तत्कालीन र दीर्घकालीन प्रभाव पारेकाले यो विषयले मुलुकको विकास प्रक्रियालाई पनि प्रतिकूल प्रभाव पार्ने देखिएको छ । युवा जनशक्ति पलायनले देशको उत्पादन तथा उपभोगको शृङ्खला पनि खल्बलिएको छ । स्वदेशी वस्तुको समग्र माग घटेकाले उत्पादन पनि घटाउनु परेको छ । यसले रोजगारी सिर्जनालाई पनि प्रतिकूल प्रभाव पारेको छ । यसलाई गम्भीर महत्वका साथ उठान गर्नुपर्ने देखिन्छ ।

विदेशमा अध्ययन गर्न जाने प्रक्रियालाई सहजीकरण गर्न खुलेका शैक्षिक परामर्श केन्द्रमा विकृति पनि देखिएका छन् । यसलाई निरा करण गर्न संसदको अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिले विदेशमा अध्ययन तथा शैक्षिक परामर्श केन्द्र सञ्चालन गर्ने सम्बन्धमा छुट्टै कानुन बनाउन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई निर्देशन दिएको छ । समितिको बैठकले नेपाली विद्यार्थी विदेश पढ्न जाने उपयुक्त विषय तथा देशको सूची बनाएर सोही अनुरूप अनुमति दिनसमेत निर्देशन दिएको छ ।

नेपाली पढ्न जाने गन्तव्य मुलुकसँग नेपाल सरकारलाई सोसम्बन्धी सम्झौता प्रक्रियासमेत अगाडि बढाउन समितिले निर्देशन दिएको परामर्श केन्द्रले म्यानपावरको काम गरेको अवस्था पनि विद्यमान छ । अर्को तिर अध्ययन अनुमति कार्यालयमा से वाग्राहीको सङ्ख्या बढेकोले व्यवस्थापन गर्न असहज भएको अवस्था छ । हालै त्यँहा हुने गरेका अनियमितताका फहरिस्त पनि सार्वजनिक भएका छन् । मुलुकको मानव संसाधन विकास र विदेशमा अध्ययन अनुमति प्रदान गर्ने कामको बिचमा अन्योन्याश्रित सम्बन्ध हुन्छ । देशको आवश्यकता के हो, कुन विषय पढ्न विदेश जान दिने, कुन विषय पढ्न विदेश जान नदिनेलगायतको स्पष्ट मापदण्ड बनाउनुपर्ने आवश्यकताको अनुभूति गरिएको छ । विदेशी छात्रवृत्ति प्राप्त गरेकालाई मात्र दिने कि, सबैलाई दिने ? यस विषयमा गम्भीर तवरले बहस नभएको अवस्था पनि छ । पछिल्लो समयमा विद्यार्थी विभिन्न मुलुकमा अलपत्र परेको उजुरी प्राप्त हुने गरेकोले शैक्षिक परामर्श केन्द्रको विकृति अन्त्य गर्न र ठगी नियन्त्रण गर्न अनुसन्धान र कारबाही पनि अगाडि बढाउनु आवश्यक छ । रुसबाट युक्रेनमा खटिएर मृत्यु हुने करिपय नेपाली युवा अध्ययनका लागि रूस गएका भन्ने खबर पनि सार्वजनिक भएका छन् ।

नेपालबाट युवा जनशक्ति पलायन हुनुका विभिन्न कारण रहेका छन् । पहिलो, देशको उच्च शिक्षाको गुणस्तर र व्यवस्थापन कमजोर हुनु हो । कमजोर गुणस्तरको कारण पूर्वाधार विकासमा कम लगानी हुनु, विश्व व्यापी श्रम बजारको माग अनुसार को जनशक्ति उत्पादन गर्ने गरी हाम्रा शैक्षिक संस्थाको पाठ्यक्रमको समसामयिक परिमार्जन नगरिनु र विश्वस्तरको प्रविधिको उपयोग गरिएको शैक्षिक प्रणाली निर्माण गर्न नसक्दा कमजोर पठन-पाठन हुनु हो । शैक्षिक क्यालेन्डरको परिपालना हुन नसक्नुले पनि गुणस्तर खस्किएको र विद्यार्थीको पढाइ पूरा गर्ने तथा रोजगारीमा प्रवेश गर्ने समयको अनिश्(चतता बढेको हो । शिक्षक, कर्मचारी, व्यापारी, विद्यार्थी, कामदार, डाक्टर, इन्जिनियर, प्राध्यापक, पत्रकार, बुद्धिजीवीहरू राजनीतिक दलको सदस्य बन्नुपर्ने बाध्यताले उनीहरूको पेसागत व्यावसायिकतामा कमी देखिन्छ । विद्यालय र विश्वविद्यालय लाई राजनीतिबाट टाढा राख्न नसक्दा प्रभावकारी नियमन नहुने भई शैक्षिक गुणस्तर खस्किएकाले पनि युवा जनशक्तिले विदेश पलायनको बाटो रोजेको हो । एक्काइसौँ शताब्दीको डिजिटल पुस्ताको विद्यार्थी बिसौँ शताब्दीको शिक्षक र पाठ्यक्रम तथा उन्नाइसौँ शताब्दिको विधिमा आधारित खण्डहर कक्षा कोठाबिचको तालमेल नमिलेर नै युवा पुस्ता देशको लगानीयोग्य र कमसहित तीव्र रूपमा पलायन भइरहेको छ । समग्रमा गुणस्तरीय शिक्षा प्राप्तिका लागि नेपाली युवा जनशक्ति पलायन हुने गरेको छ ।

नेपालको श्रम बजारमा पर्याप्त रोजगारीका अवसरको कमीले युवा पल(ायन बढेको हो । .....

भू-संरक्षण गरौं ।

भू-संरक्षणका उपायहरु :

- गोरेटो बाटो बनाउँदा सिढी बनाऔं,
- खेती गर्दा गहरा बनाइ गरौं,
- भूक्षय रोक्ने रुख, घाँस जस्ता बोटबिरुवा रोपौं,
- बिना अनुमति गिट्टी, बालुवा, माटो, ढुंगा उत्खनन नगरौं,
- सकेसम्म माटोमा रासायनिक मलको प्रयोग नगरौं,
- पानी संरक्षणका उपायहरु अपनाऔं,
- स्थानीय जैविक खेती, कृषि वन विधि अपनाऔं ।

काइके गाउँपालिका, डोल्पा

प्रमाणपत्र हराएको सूचना

ठुलीभेरी नगरपालिका वडा नं. ३ दुनैकी स्थायीबासी म चन्द्ररुपा थापाको एसएलसीका चारित्रिक प्रमाणपत्र, प्रोभिजनल प्रमाणपत्र, मार्कसिट कक्षा १२ का ट्रान्सक्रिप्ट, चारित्रिक प्रमाणपत्र, प्रोभिजनल प्रमाणपत्र र बि.एड.का ओर्जिनल प्रमाणपत्र, प्रोभिजनल प्रमाणपत्र, चारित्रिक प्रमाणपत्र, ट्रान्सक्रिप्ट यी सबै ओर्जिनल शैक्षिक प्रमाणपत्रहरु मिति २०८१ फागुन ५ गते जुफालबाट दुनै आउने क्रममा हराएकाले पाउनु हुने महानुभावले मेरो मोवाइल नं. ९८४८३४०७७७ मा खबर गरिदिनु हुन वा नजिकको प्रहरी चौकीमा तथा जिल्ला प्रहरी कार्यालय डोल्पामा बुझाइदिनु हुन हार्दिक अनुरोध छ ।

अधिकार र कर्तव्यबीचको सेतु नागरिक शिक्षा

- डा. देवीप्रसाद आचार्य

लोकतन्त्र र मानवअधिकारबीच अन्तरसम्बन्ध रहेको हुन्छ । लोकतान्त्रिक व्यवस्था भएका देशमा राज्यले हरेक नागरिकलाई गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारीलगायत अधिकार प्रदान गरेको हुन्छ । अहिले हाम्रो समाजमा अधिकार'दयगत यस्तै चर्का आवाज उठ्ने गरेका छन् । विभिन्न संघसंस्था मानवअधिकार क्षेत्रमा सक्रिय छन् । यो सकारात्मक पक्ष हो । तथापि, समाजमा अधिकार उपभोग गर्दा 'कर्तव्य पनि पालना गर्नुपर्छ' भन्ने चेतना अभाव देखिन्छ । 'अधिकार र कर्तव्य एकसिक्काका दुई पाटा हुन्' भन्ने चेतना विकास गर्नका लागि नागरिक शिक्षा आवश्यक ठानिन्छ । तर, समाजमा यही शिक्षा अभाव देखिन्छ ।

देश विकास गर्नका लागि सचेत समाज आवश्यक हुन्छ । कुनै पनि देश निर्माण गर्नका लागि नागरिक चेतना, अनुशासन, जिम्मेवारीबोध तथा सकारात्मक सोचजस्ता गुण अनिवार्य सर्त हुन् । हाम्रो समाजमा यी गुण अनुभव गर्न खासै पाइ"दैन । लोकतन्त्र अभ्यासक्रममा समाजमा अधिकार'दयगत बहसपैरवी हुने गरे पनि नागरिक कर्तव्य कतै चर्चासमेत हुने गरेको पाइ"दैन । नागरिकमा अधिकारस"गै गाँसिएर आउने कर्तव्य तथा जिम्मेवारीबोध किन अभाव भयो त ? समाजले अधिकार खोजी गर्दा कर्तव्यलाई किन हेक्का गर्दैनन् ? जवाफ सहज छ, समाजमा नागरिक शिक्षाको ज्ञान न्यून छ ।

मानव विकासको ऐतिहासिक अध्ययनले समाज निर्माणक्रममा अधिकारभन्दा पहिले कर्तव्य पालना भएको पाइन्छ । समाज निर्माणक्रममा हाम्रा पुर्खाले अधिकारभन्दा बढी कर्तव्यमा जोड दिएका थिए । उनीहरूले लोकहितकारी काम गर्नका लागि अधिकारका कुरा गरेनन् । पुर्खाले गाउँगाउँमा पाटीपौवा, मठमन्दिर, धर्मशाला निर्माण गरे । इनार, कुवा, पोखरी, चौतारी बनाएर समाज सेवा गरे । आपत् तथा अभावमा आपसी सहयोग गर्न ऐंचोपैंचो संस्कृति विकास गरे । 'अतिथि देवो भवः' भनेर पाहुनाको सम्मान गर्ने मानवतावादी व्यवहार विकास गरे । यसरी हेर्दा उनीहरू वैज्ञानिक चेतनास्तरमा कमसल थिए होला, तर साामाजिक वा व्यावहारिक जीवन पद्धतिमा अब्बल थिए ।

त्यसो त, समाज परिवर्तनशील छ । समाज परिवर्तनस"गै मानव जीवन पद्धति, सोच र व्यवहार पनि परिवर्तन हुन्छन् । समाज परिवर्तनको आधार शिक्षा, राजनीति र समाजको चेतना हो । अहिले हामी लोकतान्त्रिक राज्य व्यवस्थामा अगाडि बढिरहेका छौं । देशको संविधान २०७२ ले मौलिक अधिकार प्रदान गरेको छ । नागरिक अधिकार क्षेत्रमा नेपालको संविधान विश्वकै उत्कृष्टमध्ये पर्छ भन्ने संविधानविद् दाबी गर्छन् । संविधानमा दस्तावेजीकरण गरिएका अधिकार उपयोग गर्न र गराउन मानवअधिकार आयोगलगायत निकाय कार्यरत छन् । तर, नागरिक कर्तव्यको बहसपैरवी गरी समाजलाई कर्तव्यनिष्ठ बनाउने कार्य कहीं"कतै बाट भएको पाइ"दैन । कर्तव्यविना अधिकारका कुराले मात्र घरपरिवार, समाज र सिंगो मुलुक समृद्ध तथा सुसंस्कृत बन्न सक्दैन । प्रजातन्त्रको नाममा समाज अधिकार उन्मुख मात्र होइन, कर्तव्यनिष्ठ पनि हुनुपर्छ । समाजका हरेक वर्ग, पेसा, तह र तप्काका नागरिकमा मानवअधिकार को पहुँच पुग्नुपर्छ भन्नेमा कोही कसै को विमति छैन । तर, कर्तव्यविनाको अधिकारले समाजमा अराजकता नि म्त्याउँछ । शान्ति, अमनचयन तथा सुरक्षा अवस्था कमजोर हुनपुग्छ । अहिले देशमा यस्तै भइरहेको छ ।

पछिल्लो समय जेनजी आन्दोलनमा गरिएको आगजनी, तोडफोड तथा विध्वंश विश्लेषणले पनि समाज मा नागरिक शिक्षाको ज्ञान अत्यन्त कमजोर रहेको देखाउँछ । नागरिक शिक्षाले व्यक्ति, समाज र संघसंस्था लाई कर्तव्यनिष्ठ तथा जिम्मेवार बनाउँछ । समाजमा नागरिक शिक्षा अभाव भएमा लोकतन्त्र बलियो हुन सक्दैन । जनतामा राजनीतिक चेतना, राजनीतिक सिद्धान्त, प्रजातान्त्रिक आचरण, मतदाता शिक्षा, राजनीतिक दलको भूमिका, राज्यको जिम्मेवारी, नागरिक प्रतिबद्धता, आलोचनात्मक चेतनाजस्ता गुण विकास गर्न नागरिक शिक्षा आवश्यक हुन्छ ।

अहिले समाजमा दलवादी सोच, विभाजित मनोविज्ञान, आपसी द्वन्द्व, अविश्वास, घृणापूर्ण व्यवहार छरप्रस्ट देखिन्छ । यसप्रकारको चारित्रिक विशेषता तथा अभ्यास आधार बनाएर हेर्दा समाजमा चेतनाभन्दा बढी उत्तेजना, सामूहिक हितभन्दा बढी व्यक्तिगत स्वार्थ तथा राजनीतिक बहुलट्टीपन देखिन्छ ।

नेपाली समाजमा राजनीतिक सिद्धान्तबिनाका दल तथा नेताका पछाडि लाग्ने भीड नागरिक शिक्षा अभावको संकेत हो । व्यक्ति-व्यक्ति मिलेर परिवार र परिवार-परिवार मिलेर समाज तथा देश निर्माण हुने भएकाले हरेक व्यक्ति शिष्ट, सभ्य, कर्तव्यनिष्ठ, सुसूचित तथा जिम्मेवार हुन आवश्यक हुन्छ । नागरिक शिक्षाको ज्ञानले व्यक्तिलाई आपसी समझदारी बढाउनसक्ने भावनात्मक क्षमता विकास गर्न सहयोग गर्छ ।

नेपाली समाज बहुजातीय संस्कार, मूल्यमान्यता, रहनसहन, धार्मिक आस्था भएको समाज हो । यस्तो समाजमा सबैका विचार र भावना अटाउनसक्ने फराकिला व्यवहार चाहिन्छ । अहिले समाजमा नश्ल चेतनाको साँघुरो जालो फैलिएको छ । पछिल्लो समय निर्वाचन आयोगमा दलितको राजनीतिक दल दर्ता भएको समाचार आएको छ । यसैगरी, बाहुन, क्षेत्री, मगर, गुरुङ, तामाङलगायत जातीय राजनीतिक दल दर्ता हुँदै गए भने समाज कहाँ पुग्ला ? यस कोणबाट हेर्दा व्यक्तिलाई जातजाति, भाषाभाषी, धर्म र क्षेत्रीय चिन्तन बढ्लेर नेपाल र नेपालीका लागि सोच्ने तथा काम गर्ने चिन्तन विकास गर्न नागरिक शिक्षाले महत्वपूर्ण भूमिका खेल्छ । लोकतान्त्रिक मुलुकमा प्रजातान्त्रिक आचरण आवयश्क हुन्छ । लोकतन्त्र कथनीमा होइन, करणीमा प्रयोग नगरेसम्म लोकतन्त्र अभ्यास हुन सक्दैन । नागरिक शिक्षाको ज्ञानविना समाजमा प्रजातान्त्रिक आचरण विकास हुनसक्दैन । लोकतन्त्रमा अरूका विचारको सम्मान गर्नसक्ने उदार व्यवहार चाहिन्छ । अहिले नेपाली समाज आत्मकेन्द्रित सोचबाट अगाडि बढिरहेको छ । राज्यको उच्च तहतप्कामा पुगेका शिक्षित र दीक्षित शासक तथा प्रशासकबाटै सर्वसाधारण प्रताडित भइरहेको अवस्था छ ।

राज्यका संघसंस्था जनसेवी बन्न नसकेको अवस्था लकाउनुपर्ने विषय छैन । आपसी सहिष्णुता र मेलमिलापको सट्टा मुठभेड, द्वन्द्व, कलह र एकअर्कोलाई निस्तेज गर्ने प्रवृत्ति बढिरहेको घामजस्तै छर्लंग छ । समाजमा यस्ता क्रियाकलाप अभ्यास हुनुको पछाडि नागरिक शिक्षा अभाव हो ।

हाम्रो समाज पूर्वीय वैदिक आदर्श, संस्कार तथा निर्देशनबाट निर्देशित छ । शिक्षा यात्रा ऋषिकुल, देवकुल, पितृकुल, राजकुल र गुरुकुल हुँदै आधुनिक चरणमा प्रवेश गरेको छ । समाज परिवर्तनस"गै ..(राजधानीबाट)

स्वच्छ र स्वस्थ्य डोल्पा

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय समयमा मर्मत सम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं, जथाभावी नफालौं,
- करेसाबारी, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट बिरुवा तथा फूको संरक्षण गरौं,
- स्वच्छ पानी र सरसफाइमा ध्यान दिऔं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय समयमा मर्मत संभार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं,

डोल्पालाई सुन्दर बनाऔं

स्वास्थ्य सेवा कार्यालय

दुनै, डोल्पा

लोकतन्त्रमा प्रश्न गर्ने स्वतन्त्रता

- सन्जीव कार्की

कुनै पनि व्यवस्था आफैंमा कहिल्यै र कतै पूर्ण हुन सम्भव छैन । अपूर्णतामा पूर्णता खोज्ने आममान्छेको मानवीय प्रवृत्ति छ । कुनै पनि कुराको पूर्णता भनेको त्यो चिजको भौतिक अस्तित्व समाप्ति भनेर बुझ्न सकिन्छ । किनकि सबै व्यवस्था र राजनीतिक प्रणालीका गुण र दोष हुन्छन् । अपूर्णता पूर्णता खोजको मार्ग हो । असन्तुष्टि नै सन्तुष्टि खोज्ने र अधिकतम सन्तुष्टिका लागि प्रयत्नशील रहने मार्ग हो । असन्तुष्टि र अपूर्णतालाई पूर्ति गर्ने यत्नमा मान्छे प्रगतिको भ्याङ चढ्न सफल भएर मान्छे आजको अवस्थामा आइपुगेको हो ।

प्रगतिको पनि कहिल्यै अन्त्य र पूर्ण विराम हुँदैन, जसरी सन्तुष्टि र पूर्णतामा ब्रेक लाग्दैन । राजनीतिक प्रणाली पनि त्यस्तै अपूर्णतामा पूर्णता खोज्ने अभ्यास मानिन्छ । थुप्रै प्रयोग, परिस्कार र परिमार्जनसहित राजनीतिक प्रणाली कार्यरत रहन्छ । कुनै पनि वाद, प्रणाली, सिद्धान्त र संरचना निर्विकल्प हुँदैन । निर्विकल्प भनेको नयाँ सम्भावना र खोजको अन्त्य हो । तसर्थ आजको युगमा विकल्प बनिरहन्छन् । विकल्प सामान्य विकल्प र सामान्य प्रतिस्थापन मात्र होइन, उत्तम विकल्प सर्वोत्तम विकल्प हो । यद्यपि सर्वोत्तम भनिएको विकल्प पनि निर्विकल्प भनिनु हुँदैन । केन्द्रहरू भञ्जन हुन्छन्, निर्माण, पुनर्निर्माण र विनिर्माण भइरहन्छन् । संविधान पनि त्यस्तै एउटा विधान हो, जसलाई समयक्रममा विपठन, पुनर्पठन र उत्तर पठन गरिरहनु पर्छ ।

भारतमा सन् १९९५ मा बनेको संविधान २०० पटकसम्म संशोधन गरिसकिएको छ । संविधान संशोधनले संविधानको गरिमा घट्दैन । न संविधान नै खोटो हुन्छ । हरेक कुरा आवश्यकताको सिद्धान्तले परिचालित र परिलक्षित हुन्छन् । आवश्यकताको सिद्धान्तको ताजा उदाहरण वर्तमान अन्तरिम सरकार पनि हो । जनचाहना र जनअनुमोदन भन्दा अर्को सामर्थ्य केही नहुने हुनाले सडकले सरकार बनाउने स्थिति बन्यो । आवश्यकता केवल सानो समूहको लघु स्वार्थका लागि बन्नु हुँदैन । राजनीतिक प्रणाली परिमार्जन, प्रयोग र समीक्षाकै प्रक्रियाबाट गुज्रन्छन् । कुनै पनि वाद, सिद्धान्त वा संरचना 'अन्तिम सत्य' हुँदैन । निर्विकल्प सोचको जन्म नै लोकतन्त्रको मृत्यु हो । संविधान, संस्था, पार्टी-यी सबैलाई पुनर्पाठ, पुनर्परिभाषा र निरन्तर परिष्कार चाहिन्छ ।

पुरानो विचार नयाँले प्रतिस्थापन गर्छ । पुरानो व्यक्तिको ठाउँमा नयाँको उदय हुन्छ । मानिसको जीवनचक्र जस्तै समाजको चक्र चल्छ । पुरानो विचार ढल्छन्, नयाँ युग उठ्छ । 'एकल सत्य' को युग सकिएको छ; 'सापेक्षित सत्य' को युग आएको छ । सिक्काको एकातिर हेरेर निष्कर्ष निकाल्ने समय सकियो । अब दुवै छेउ नहेरी सत्य बोल्नै सकिँदैन । दिनको उल्टो रात बुझिँदैन, लोग्नेमान्छे र स्वास्नीमान्छे दुई विपरीत अर्थ होइनन् । छोरा र छोरीमा प्राकृतिक भिन्नता भए पनि सामाजिक भिन्नता हुनुहुन्न । कालो रङ रङको एक प्रकार मात्र हो, अन्य रङ जस्तै केवल फरक रङ मात्र हो । कालो भनेको नकारात्मक र अयोग्यता होइन । अब पनि कालो र डलाई नराम्रो भनेर बुझियो/बुझाइयो भने जातीय विभेद जस्तै रङ्गभेद पनि कायम छ भनेर बुझ्नु पर्छ । रङभेद होस् या जातिभेद यी ध्वस्त पार्ने चिज र चिन्तन हुन् । रङ कुनै विशेष गुण र योग्यता होइन । त्यसैले कालो खराब भन्ने रङ्गभेदी चिन्तन खारेज गरिनु पर्छ । कालो रङ खराब र अयोग्य हो भने कालो वर्ण श्याम वर्णका मान्छे पनि खराब भन्ने निस्कर्ष निस्कन्छ । खराब कुनै जात त रङ होइन, खराब प्रवृत्ति हो । कालो फगत रङ हो । निकृष्ट र निकम्मा वस्तु होइन ।

पुरानो विचार नयाँले प्रतिस्थापन गर्छ । पुरानो व्यक्तिको ठाउँमा नयाँको उदय हुन्छ । मानिसको जीवनचक्र जस्तै समाजको चक्र चल्छ । पुरानो विचार ढल्छन्, नयाँ युग उठ्छ । 'एकल सत्य' को युग सकिएको छ; 'सापेक्षित सत्य' को युग आएको छ । सिक्काको एकातिर हेरेर निष्कर्ष निकाल्ने समय सकियो अब दुवै छेउ नहेरी सत्य बोल्नै सकिँदैन ।

द्वितीय विश्वयुद्धपछि ज्ञानको फैलावट, विश्व भूमण्डलीकरण, सूचना-प्रविधिको यो हदको रफ्तारमा विकास र विस्तार, सांस्कृतिक अन्तर्मिश्रण, बहुलवाद, मार्क्सवाद विरोधी मान्यता, केन्द्र भन्जनको अवस्था, उपभोक्तावाद, औपनिवेशिक साम्राज्यवाद, अनेक रूप र तरिकका विस्तारवाद आदि नीतिहरूको विकास तीव्र रूपमा हुन पुग्यो । मिसेल फुको, ज्याक डेरिडा फ्रेडरिक जेम्सन आदि विद्वान्ले संसार लाई हेर्ने परम्परागत दृष्टिकोणलाई भन्जन गरे । अनि नवीन ढङ्गले पुनले खन गर्ने कुरा गरे र आफ्नो तहबाट त्यसको प्रयास गरे । संसारले नयाँ नयाँ दृष्टिकोण पायो र अनेकन आयामबाट विश्वदृष्टि निर्माण भयो । परम्परागत ज्ञानलाई उल्टाएर पनि प्रश्न गर्ने ज्ञानले मौका पायो । ज्ञान निर्माणको थलो विश्वविद्यालयका औपचारिक कक्षा र प्रयोगशाला मात्रै हुँदैनन् । ज्ञान र खोज जुनसुकै समाज विज्ञानको प्रयोगशालामा पनि गर्न सकिन्छ । ज्ञान, सूचना, विवेक एकै होइनन्, यी फरक फरक आयाम र आयतन भएका सङ्केत हुन् ।

गलत ज्ञान, खराब ज्ञान, दमनकारी ज्ञान पनि हुन्छ । त्यसैले, तलबाट उठेको आवाज माथिको आदेशभन्दा कम मूल्यवान् हुँदैन । ज्ञान भन्ने बित्तिक्कै असल मात्र हुन्छ भन्ने पूर्वमान्यता 'रिथिङ्ग' र 'रिभिजिट' गर्न बाध्य बनायो । माथिबाट भनिने कुराहरू तलबाट पनि भन्न सकिन्छ भन्ने विचारधारा मा बहस हुन थाल्यो र भुइँ तहका कुरा पनि सुन्न सुनिन थाले । यस्तै उपक्रमहरूको मेलोमा क्रमभङ्ग गने क्रम बढ्यो । क्रमिक र व्यतिक्रमिक हुने साहित्य र संरचनाको खोजी भयो । नेपाल पनि सबैभन्दा कान्छो गणतान्त्रिक मुलुकमा परिणत भयो । २०६३ को अन्तरिम संविधानले राजतन्त्र लाई निष्क्रिय बनायो भने औपचारिक रूपमा अन्त्य चाहिँ २०६५ जेठ १५ गतेको संसद्को घोषणाले ग-यो ।

जन्म श्रेष्ठताको भाष्य परिवर्तन गरेर सामान्य मान्छे पनि सत्ता र सरकार को सर्वोच्च पदमा पुग्ने अवधारणा ने पालमा पनि कार्यान्वयनमा आयो । तीन हजार वर्षअघिदेखि इतिहासले बताएको प्रथम राजा भूमि गुप्तबाट सुरु भएको मानिन्छ राजतन्त्र । २३७ वर्ष देखिको एकल वंशीय राजतन्त्र शाहवंश पृथ्वीनारायणदेखि ज्ञानेन्द्रसम्म । तेह्रौं तथा अन्तिम राजाको रूपमा ज्ञानेन्द्र शाहलाई बिदा गऱ्यो । राजतन्त्र समाप्त भयो । राजतन्त्र एउटा त्यस्तो र संसारमै सबै भन्दा पुरानो र राजनीतिमा संस्थागत भएको संस्था हो, जसको विघटनपछि पनि सांस्कृतिक धार्मिक परम्परगत रूपमा र मानसिक संरचनाको रूपमा पछिसम्म यसका अवयव बाँचिरहन्छन् । एउटा युग ढले पनि त्यसका अवशेष कालान्तरसम्म रहिरहन्छ ।

युग परिवर्तनसँगै सत्ताको नयाँ चेतनाको भाष्य बन्न थाल्यो । निकृष्ट युगको अन्त्य र उत्कृष्ट युग मानव मर्यादाको युगको प्रचार गरियो । अनुपस्थितिमा नै उपस्थितिबोध हुने नीति र कार्यक्रम सिद्धान्त अबको युगको माग हो । गत भदौ २२ र २३ को प्रदर्शन र विग्रह .....(गोपबाट)

सूचना । सूचना ॥ सूचना ॥।

व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीका लागि जन्म, मृत्यु, विवाह, बसाइँसराइ र सम्बन्ध विच्छेद लगायतका घट्नाहरु, घटना घटेको ३५ दिन भित्र यस पालिकाका नागरिकहरुले आफ्नो वडा कार्यालयमा दर्ता गरौं, गराऔं ।

जगदुल्ला गाउँपालिका, डोल्पा

बालअधिकार प्रति संवेदनशील बनौं

- माया, ममता, संरक्षण, स्वास्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन् ।
- बालबालिकाका बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको सुनिश्चित गरौं गराऔं ।
- बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावक लगायत सबै संवेदनशील बनौं ।

डोल्पोबुद्ध गाउँपालिका, डोल्पा

भूकम्पको जोखिमबाट सुरक्षित बनौं

- भूकम्प जाँदा कमजोर संरचनाका कारण बढि क्षति हुन्छ ।
- घर जस्ता संरचना निर्माण गर्दा भूकम्प प्रतिरोधि बनाऔं।
- प्राविधिकको सल्लाह लिएर मात्र घर बनाऔं ।
- भूकम्पबाट सुरक्षित रहन आवश्यक पूर्व तयारी गरौं ।
- भूकम्प जाँदा आत्तिएर जथाभावि भाग्ने र दौडने नगरौं ।
- धैर्यतापूर्वक वाहिर खुला तथा सुरक्षित स्थानमा जाऔं ।
- भूकम्पमा अप्ठेरो परेकालाई सहयोग गरौं ।

ठुलीभेरी नगरपालिका, डोल्पा